# नेपाल सरकार

**प्रदेश प्रमुख**
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

१३६ औं अन्तराष्ट्रिय मजदूर दिवस (मे-१, २०२५) को अवसरमा मेहनतकर्मी सम्पूर्ण श्रमिक, मजदूर दिदीबहिनी तथा दाजुभाईहरुमा सुख,शान्ति र सु-स्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्दछु।

श्रमिकहरुको हक, अधिकार र पेशागत मर्यादा प्रत्याभूत गर्न हरेक वर्ष मे १ तारिखमा यो दिवस मनाउने गरिन्छ। नेपालमा वि.सं.२००७ सालको विराटनगर मजदूर आन्दोलनसंगै यो दिवस मनाउन थालिएको हो । श्रमिक वर्गको निरन्तर मेहनत, लगनशीलता र समर्पणबाट उत्पादनशीलता वृद्धि भई राष्ट्रको समृद्धि सुनिश्चित हुन पुग्छ। संविधान प्रदत्त श्रमिक हक,अधिकारको रक्षा, सामाजिक सुरक्षा, समता र न्यायपूर्ण समाज निर्माण अपरिहार्य छ। संगठित, असंगठित सम्पूर्ण श्रमिक, मजदूरले अनुभूत गर्ने गरि श्रमिक हितमा सम्पूर्ण रोजगारदाता र राज्यका सम्बन्धित निकायले कार्य गर्नुपर्दछ।

आजको यो विशेष दिनले हामीलाई श्रमप्रति सम्मान जगाउने, श्रमिकहरुको अधिकार सुनिश्चित गर्ने तथा श्रमिकहरुको जीवनस्तर उकास्ने संकल्पका साथ अघि बढ्न प्रेरित गर्दछ। संसारका हरेक विकसित राष्ट्रहरुले आजको यो जुन समृद्धि हासिल गरेका छन् त्यसमा श्रमजीवी मजदूरवर्गको मुख्य योगदान रहेको छ। श्रमिकहरुको हक, अधिकारको ग्यारेण्टी सहित श्रममार्फत समृद्धि हासिल गर्न हामी सबैलाई आजको दिनले उत्साहको निरन्तरता कायम गरोस् भन्ने अभिप्रायका साथ पुनः मजदूर दिवसको शुभकामना व्यक्त गर्दछु।

२०८२ साल बैशाख १८ गते, बिहीवार
ने. सं. ११४५ बछलाथ्व: चतुर्थी

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख